वैठक संख्या:-१३०

आज मिति २०८२/३/१० गते मङ्गलवार विहान ठिक ९:०० बजे कपिलवस्तु नगरपालिकाको नगर प्रमुख श्री सुदिप पौडेल ज्यूको अध्यक्षतामा र निम्न अनुसारका पदाधिकारीहरुको उपस्थितिमा नगरकार्यपालिकाको वैठक बसी देहायको वमोजिमको निर्णय गरियो ।

| क्र.स. | नाम ,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुदिप पौडेल | नगर प्रमुख | |
| २ | श्री सुनिता गुप्ता | नगर उप-प्रमुख | |
| ३ | श्री मुहम्मद जाहिद खाँ | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री अशोक कुमार गुप्ता | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री रुद्र वहादुर गैरे | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री रवेन्द्र प्रसाद तिवारी | वडा अध्यक्ष वडा नं .४ | |
| ७ | श्री दिरेप कुमार चौधरी | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री रामजित प्रसाद कुर्मी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री इन्द्रमणी कुर्मी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री शिव कुमार पाण्डेय | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दिपक गुरुङ | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री मोहनलाल शर्मा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री राम गोपाल यादव | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री इन्सान अलि धुनियाँ | वडा अध्यक्ष वडा नं. १२ | |
| १५ | श्री चन्द्रा कुर्मी | कार्यपालिका सदस्य | |
| १६ | श्री प्रेमा देवी कोरिन | कार्यपालिका सदस्य | |
| १७ | श्री मानति कहाईन | कार्यपालिका सदस्य | |
| १८ | श्री शिरविन्दु थारु | कार्यपालिका सदस्य | |
| १९ | श्री प्रभावति यादब | कार्यपालिका सदस्य | |
| २० | श्री गोविन्द कहार | कार्यपालिका सदस्य | |
| २१ | श्री गंगेश कुमार वर्मा | कार्यपालिका सदस्य | |
| २२ | श्री राम दास चमार | कार्यपालिका सदस्य | |
| २३ | श्री पुनाराम पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |

**अन्य उपस्थिति :-**

| | | | |
|---|---|---|---|
| १ | श्री रसिद खाँ | सल्लाहकार | |
| २ | श्री विनोद कुँवर | प्रशासकीय अधिकृत | |
| ३ | श्री अर्ची चौधरी | वरिष्ठ प्रशासन सहायक | |
| ४ | | | |
| ५ | | | |

## मिति २०८२/३/१० गतेको कार्य पालिका बैठकका निर्णयहरु

## कार्यपालिका बैठक संख्या :- १३० बैठकका प्रस्तावहरु

१. १८ औ नगर सभा सम्वन्धमा ।

२. विविध ।

**निर्णयहरु**

१. मिति २०८२/३/९ गते सम्पन्न भएको कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो ।

२. आगामि अठारौ नगरसभाको लागि मिति २०८२/२/३० गतेको कार्यपालिका बैठक संख्या १२८ ले निर्धारण गरे बमोजिम सम्पूर्ण नगरसभा सदस्यहरु, कर्मचारीहरु,पत्राकार एंव अन्य समाजसेवि वुद्दिजिविहरुको उपस्थितिमा नगरसभा संचालन गर्ने निर्णय गरियो ।

**विविध**

१. यस कपिलवस्तु नगरपालिकाको रोजगार सेवा केन्द्रमा कार्यरत प्राविधिक सहायकलाई नेपाल सरकारको संघीय सरकारबाट प्राप्त भइरहेको प्राविधिक सहायकको पारिश्रमिक सुविधा आगामी आ.व देखि प्राप्त नहुने हुँदा प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न तथा रोजगार सेवा केन्द्रको सेवालाई निरन्तर रुपमा सेवा प्रवाह गर्न यस नगरपालिकामा कार्यरत प्राविधिक सहायकलाई आवश्यक पारिश्रमिक सुविधा (तलव, चाडपर्व भत्ता, पोशाक भत्ता) यस नगरपालिकाको आन्तरिक श्रोतबाट नै व्यवस्थापन गर्ने निर्णय गरियो ।

२. यस कपिलवस्तु नगरपालिकाको समग्र विकास आर्थिक तथा सामाजिक विकास एंव कला संस्कृति परम्पराहरुको संरक्षण एंव संम्बर्धन गर्ने उदेश्यले नगरपालिका तथा वडाहरुबाट विनियोजन गरि संचालन तथा व्यवस्थापन भएका योजना तथा कार्यक्रमहरुको रकम भुक्तानी गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

३. कपिलवस्तु नगरपालिका वडा २ बालमन्दिर स्थित नेपाल बाल संगठन, जिल्ला कार्य समिति, कपिलवस्तु बालगृहका बालबालिकाहरुको स्वास्थ्यमा सहज पँहुज हुने उदेश्यले तँहा रहेका सम्पूर्ण बालबालिकाहरुको शत प्रतिशत स्वास्थ्य बिमा शुल्क कपिलवस्तु नगरपालिकाले बेहोरो निर्णय गरियो ।